# बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९

स्वीकृत गरिएको मिति २०७९/०८/१८

**प्रस्तावना:** बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ६२ को उपनियम (४) बमोजिमको योग्यता पूरा गरेको र नियम ६४ को उपनियम (१) तथा अनुसूची -४ बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको बाल गृह सञ्चालन तथा व्यवस्थापनका लागि नियमावलीकै नियम ६२ को उपनियम (४), नियम ६४ को उपनियम (१) तथा अनुसूची -४ (मापदण्ड १,१० र १६) र नियम ६५ को उपनियम (६)ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बाल अधिकार परिषद्ले अन्य आवश्यक मापदण्ड तोकी नियमावलीमा उल्लिखित न्यूनतम मापदण्डहरु समेत एकीकृत रुपमा राखी यो मापदण्ड बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी मापदण्डहरुको नाम "बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ङ) "बाल गृह" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भै परिषदबाट अनुमति लिएर ऐनको दफा ४८ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पका रुपमा पठाइएका र ऐनकै दफा ६९ बमोजिम तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकाको आवासीय संरक्षण तथा अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(च) "बाबु वा आमा" भन्नाले बालबालिकालाई जन्म दिने बाबु वा आमा सम्झनु पर्छ र सो शब्दले सौतेनी बाबु वा आमा वा धर्मसन्तान लिने बाबु वा आमासमेतलाई जनाउँछ ।

(छ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम प्रत्येक स्थानीय तहमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ज) “परिवार” भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

## परिच्छेद -२

## बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्डहरु

३. **बाल गृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्डहरुः** बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ६२ को उपनियम (४) र नियम ६४ को उपनियम (१) तथा अनुसूची -४ बमोजिम बाल गृहले पूरा गर्नुपर्ने अठार वटा न्यूनतम मापदण्डहरु देहाय बमोजिम रहेकाछन्ः-

(१) प्रचलित कानून बमोजिम नाफारहित सामाजिक संस्थाको रुपमा दर्ता भएको,

(२) संस्थाको विधानमा बाल गृह सञ्चालन गर्ने उद्देश्य भएको,

(३) कम्तीमा बीस जना बालबालिका राख्न सक्ने परिषद्ले तोके बमोजिमको बालमैत्री भौतिक पूर्वाधार तथा संरचना भएको,

(४) बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई सुरक्षितसँग छुट्टा-छुट्टै राख्न सक्ने भौतिक पूर्वाधार, मानवीय तथा आर्थिक स्रोत भएको,

(५) बालबालिकालाई आश्रय दिने, खानपिन, पालन पोषण गर्ने, स्वास्थ्य उपचार गर्ने, उचित शिक्षा तथा व्यावसायिक तालीम प्रदान गर्ने क्षमता भएको,

(६) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनको सुविधाहरू उपलब्ध गराउन सक्ने स्रोत तथा साधनको व्यवस्था भएको,

(७) आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रबन्ध गर्नुका साथै आवश्यकता अनुसार बाल गृहमा पढाउने शिक्षकको व्यवस्था गरिएको र विशेष प्रकृतिका र विद्यालय जान नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा तथा सीप विकासको अवसर दिलाउन सक्ने क्षमता भएको,

(८) आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक साहित्यिक र सांस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्न सक्ने भएको,

(९) बाल गृहमा बाल क्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गराएको वा गराउने क्षमता भएको,

(१०) बाल गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलतालाई अभिवृद्धि गर्न सक्ने भएको,

(११) बाल गृहका पदाधिकारी, कर्मचारीहरूलाई बाल अधिकार र बाल संरक्षणबारे तालीम तथा अभिमूखीकरणको व्यवस्था गर्न सक्ने भएको,

(१२) परिषद्ले तोकेको वैयक्तिक विवरण फाराममा बालबालिकाको विवरण अनिवार्य रूपमा भरी व्यवस्थापक वा सञ्चालकबाट प्रमाणित गरी सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

(१३) बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

(१४) बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर अनुसार संरक्षण, स्याहार सुसार, सुरक्षा, उचित हेरचाह तथा बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था भएको,

(१५) असहाय, असक्त र अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गरिनुको साथै उनीहरूको हेरचाह र स्याहार सुसार गर्ने उचित व्यवस्था मिलाउन सक्ने क्षमता भएको,

(१६) बाल गृहमा आश्रित बालबालिकाहरूको उच्चतम हितको लागि परिवारको खोजी गरी पारिवारिक पुर्नमिलन तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने क्षमता भएको,

(१७) संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरेको,

(१८) बाल गृहमा रहेका बालबालिकाले प्राप्त गर्ने सेवा, सुविधा र निजहरूको संरक्षण सम्बन्धमा परिषद्ले तोकेको अन्य आवश्यक मापदण्ड ।

## परिच्छेद -३

## बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक मापदण्डहरु

४. **बाल गृहले पूरा गर्नु पर्ने अन्य आवश्यक मापदण्डहरुः** बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ६२ को उपनियम (४) र नियम ६४ को उपनियम (१) तथा अनुसूची -४ बमोजिम बाल गृहले पूरा गर्नुपर्ने अठार वटा न्यूनतम मापदण्डहरुका अतिरिक्त बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ६२ को उपनियम (४), नियम ६४ को उपनियम (१) तथा अनुसूची -४ र नियम ६५ को उपनियम (६) बमोजिम परिषद्ले तोकेका तथा थप व्याख्या गरी खुलाएका दफा ५ देखि दफा १८ सम्मका अन्य मापदण्डहरु बाल गृहले पूरा गर्नु पर्नेछ ।

५. **बाल गृहमा बालमैत्री भौतिक पूर्वाधार तथा संरचना हुनु पर्नेः** कम्तीमा बीस जना बालबालिका राख्न सक्ने क्षमता भएको बाल गृहको बालमैत्री भौतिक पूर्वाधार, संरचना तथा सुविधा देहाय बमोजिम हुनु पर्नेछः-

(१) बाल गृह भवन अनुसारको खुला प्राङ्गण/आगन वा जग्गा जमिनको क्षेत्रफल भएको, बास तथा सुत्ने कोठाहरु, अध्ययन अध्यापन गर्ने कोठाहरु र पुस्तकालय कक्ष, स्वास्थ्य तथा प्राथमिक उपचार कक्ष, मनोरञ्जन तथा खेलकुद कक्ष वा प्राङ्गण, बैठक तथा आराम कक्ष र शौचालय सहित सरसफाइ(आवासीय गृह र परिधिको)को व्यवस्था भएको, आवासीय गृहमा बाह्य व्यक्तिको सहज आवत-जावत नहुने, कुनै पनि भौतिक संरचना(घर, कोठा, झ्याल, ढोका, पर्खाल, छाना लगायतको संरचना वा संरचनाको अंश)बाट बालबालिका सुरक्षित हुने, बालबालिकाले प्रयोग गर्नु पर्ने कुनै पनि संरचना वा सामान बालबालिकाको उमेर वा उचाइ र अवस्था अनुकूल हुने भौतिक पूर्वाधार भएको संरचना हुनु पर्नेछ।

(२) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना संरक्षित बालबालिकाको खानापिन गर्न, बसोबास, शिक्षा, स्वास्थ्य, सरसफाइ व्यक्तिगत, आवास गृहको वरिपरी(शौचालय, खेलकूद तथा मनोरञ्जनको लागि आवश्यक पर्ने पर्याप्त स्थान भएको, उपयुक्त, पहुँचयोग्य एवम् सुविधा जनक हुनु पर्नेछ ।

(३) कम्तीमा बीस जना बालबालिकालाई संरक्षण दिनको लागि बाल गृहमा देहाय बमोजिमको न्यूनतम भौतिक पूर्वाधार तथा सुविधा हुनु पर्नेछः-

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | बाल गृह भवन परिसरभित्र बगैचा र खेलकूद मैदान सहितको खुला जग्गा जमिन वा प्राङ्गण भएको | भवन अनुसारको खुला जमिन |
| २. | प्रत्येक बालबालिकाको लागि कम्तीमा ३० वर्गफिटको स्थान/क्षेत्रफल भएको सफा सुत्ने कोठा वा १२/१० फिटको कोठा | ५ वटा |
| ३. | बेड संख्या, सफा ओछ्यान र ओढ्ने सामानहरु | २०/२० वटा |
| ४. | सफा भान्सा र भण्डार कोठा | १/१ वटा |
| ५. | कम्तीमा १२/१६ फिट भएको सफा भोजन कोठा | १ वटा |
| ६. | कम्तीमा १४/२४ फिट भएको सफा अध्ययन/मनोरञ्जन/पुस्तकालय कोठा | १ वटा |
| ७. | सफा प्राथमिक उपचार तथा सामग्री/मनोविमर्श कोठा | १ वटा |
| ८. | सफा कार्यालय कक्ष/भेटघाट कक्ष | १/१ वटा |
| ९. | सफा शौचालय/स्नानघर | ४/४ वटा |
| १०. | बाल गृहको नाम सहितको साइन बोर्ड (सबैले देख्ने ठाउँ वा भित्तामा टाँसेको कम्तीमा एउटा) | १ वटा |

(४) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना घनाजङ्गल, वन्यजन्तुको आक्रमणको खतरा, औद्योगिक क्षेत्र, आणविक, रासायनिक पदार्थ र ध्वनि प्रदूषणको खतरा, बाढी पहिरोको खतरा, जस्ता जोखिमबाट सुरक्षित भएको हुनु पर्नेछ । साथै वयस्कका लागि खोलिएका मनोरञ्जन स्थल, बस पार्क, फोहोर थुपार्ने ठाउँ (डम्पिङ साइट), सैनिक ब्यारेक, सिनेमा घर, शमसानघाटबाट टाढा वा यस्ता स्थानबाट गरिने क्रियाकलापको प्रत्यक्ष असर नपर्ने स्थानमा बाल गृह हुनु पर्नेछ ।

(५) बालबालिकाको बस्ने, सुत्ने र पढ्ने कोठा/कक्षमा हावा सजिलै आवतजावत गर्ने र पर्याप्त उज्यालो आउने हुनु पर्नेछ ।

(६) प्रत्येक बालबालिकालाई अलग्गै सुत्ने ओछ्यानको व्यवस्था गर्नु पर्नेछ र प्रत्येक बालबालिकाका लागि कम्तीमा तीस वर्ग फिट सतह पर्ने गरी सुत्ने कोठाको व्यवस्था गर्नु पर्नेछ।

(७) विपद्को समयमा बालबालिकाको सुरक्षाका लागि सहज भौतिक संरचनाको व्यवस्था हुनु पर्नेछ ।

(८) अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त हुने वा अपाङ्गमैत्री संरचना हुनु पर्नेछ । अपाङ्गता भएका बालबालिकाको संरक्षण गर्ने बाल गृहमा नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुसारको अपाङ्गतामैत्री भौतिक संरचना हुनु पर्नेछ । अपाङ्गता भएका बालबालिकाका लागि देहाय बमोजिमको संरचना हुनु पर्नेछः-

(क) अपाङ्गता भएका बालबालिकाको पहुँच सहज हुनेगरी पूर्वाधार भएको,

(ख) बाल गृहको भौतिक पूर्वाधार तथा संरचनामा नेपाल सरकारको सहज पहुँच सम्बन्धी निर्देशिका अनुरूप भएको,

(ग) अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री, फर्निचर, तथा उपकरण भएको, जसमा रेलिङ सहितको भर्याङ, एक हातले पनि चलाउन सकिने भान्छामा प्रयोग हुने सामग्री, नुहाउने कोठा/शौचालयमा प्रयोग हुने सामग्री, पठनपाठनमा प्रयोग हुने सामग्री, कोठाको चुकुल आदि भएको ।

(९) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना बालक, बालिका र लैङ्गिक दृष्टिकोणले बालबालिकालाई सुरक्षितसँग छुट्टाछुट्टै राख्न सक्ने हुनु पर्नेछ । बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको सुत्ने व्यवस्था छुट्टा-छुट्टै भवनमा गर्नु पर्नेछ । छुट्टा-छुट्टै भवनको व्यवस्था नभएमा कम्तीमा छुट्टै तल्लामा वा सुरक्षित हुने गरी अलग्गै खण्डमा व्यवस्था गर्नु पर्नेछ ।

(१०) बालबालिकाको ओच्छ्यान खाटमा लगाइएको हुनु पर्ने, खाट बढीमा दुई तल्लाको मात्र हुनु पर्ने र मौसम अनुसार पर्याप्त र सफा ओढ्ने ओच्छ्याउनेको व्यवस्था भएको हुनु पर्नेछ ।

(११) बाल गृहमा दैनिक रूपमा भान्सामा प्रयोग हुने थाल, प्लेट, कचौरा, चम्चा, गिलास लगायत पकाउने भाडाकुडा आदि बालबालिकाको संख्या अनुसार पर्याप्त हुनेगरी उपलब्ध भएको हुनु पर्नेछ ।

(१२) बालक र बालिकाका लागि अलग्गै शौचालय र स्नानघरको व्यवस्था भएको हुनु पर्नेछ र चिसो मौसममा नुहाउनको लागि तातो पानीको व्यवस्था हुनु पर्नेछ ।

(१३) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना बाह्य व्यक्तिको सहजै आवत–जावत हुन नसक्ने खालको हुनु पर्नेछ ।

(१४) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना (भवन, कोठा, झ्याल, ढोका, पर्खाल, छाना, खेलकूद मैदान लगायत) बालबालिकाका लागि सुरक्षित हुनु पर्नेछ र बालबालिकाले प्रयोग गर्नुपर्ने संरचना वा सामान उनीहरूको उमेर, उचाइ र अवस्था अनुकूल भएको हुनु पर्नेछ ।

(१५) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना सार्वजनिक विद्यालय, सार्वजनिक पार्क, अस्पताल वा स्वास्थ्य संस्था, प्रहरी कार्यालय, बजार, बैंक तथा सञ्चारको सुविधाका लागि पायक पर्ने ठाउँमा हुनु पर्नेछ ।

(१६) बाल गृहको भवन तथा परिसरमा कुनै दुर्घटना वा आपत्कालीन अवस्था आएमा त्यसको जनाउ दिने घण्टी बजाउने व्यवस्था भएको तथा त्यस्तो स्थितिमा भेला हुन तोकिएको स्थानमा सहजै पुग्न सकिने हुनु पर्नेछ ।

६. <u>**बाल गृहमा आवश्यक जनशक्तिको व्यवस्था हुनु पर्ने:**</u> कम्तीमा बीस जना बालबालिका राख्न सक्ने बाल गृह सञ्चालनको लागि देहाय बमोजिमको जनशक्तिको व्यवस्था हुनु पर्नेछः-

(१) बाल गृहमा काम गर्ने कुनै पनि व्यक्ति बाल अपराध, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा दुर्व्यवहार, शोषण, अपहेलना जस्ता कार्यमा लाञ्छना तथा अभियोग नलागेको र दोषी ठहर नभएको हुनु पर्नेछ।

(२) बाल गृहको पदाधिकारी, कर्मचारी तथा त्यहाँ संलग्न हुने कुनै पनि व्यक्तिको बोली, व्यवहार र कार्य बालमैत्री भएको यकीन हुनु पर्नेछ ।

(३) बाल गृह सञ्चालन गर्ने सञ्चालक तथा सोमा काम गर्ने सबै पदाधिकारी तथा कर्मचारीहरुको बालबालिका विरुद्धको हिंसा तथा बाल यौन दुर्व्यवहारमा विगतमा सजाय नपाएको विषयमा प्रहरी प्रतिवेदनबाट प्रमाणित गरेको हुनु पर्नेछ ।

(४) कम्तीमा बीस जना बालबालिका राख्ने क्षमता भएको बाल गृहमा कम्तीमा देहाय बमोजिमका कर्मचारीको (सेवा सुविधा तथा कार्य विवरण समेतको) व्यवस्था हुनु पर्नेछ।

| क्र.सं. | कर्मचारी विवरण | संख्या | प्रकृति | टिप्पणी |
|---|---|---|---|---|
| १ | बाल गृह प्रमुख/ व्यवस्थापक | १ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रुपमा | कम्तीमा प्रवीणता प्रमाण-पत्र तह वा १२ कक्षा उत्तीर्ण गरी बाल अधिकार तथा बाल गृह सञ्चालन सम्बन्धी तालीम लिएको र दुई वर्षको कार्यअनुभव भएको । |
| २ | हेरचाहकर्ता/स्याहार कर्ता (केयर टेकर) | २ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रुपमा | साक्षर र बालबालिकाको हेरचाह तथा स्याहारमा अनुभव भएको (बालिका रहने बाल गृहमा महिला मात्र हेरचाहकर्ता अनिवार्य हुनु पर्ने) । |
| ३ | भान्से/सहयोगी | १ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रुपमा | साक्षर र सम्बिन्धत कार्यमा अनुभव भएको । |
| ४ | शिक्षक | १ | आंशिक | कम्तीमा प्रवीणता प्रमाण-पत्र तह वा १२ कक्षा उत्तीर्ण गरी बाल गृहमा रहेका बालबालिकालाई अध्ययन अध्यापन गराउन सक्ने योग्यता भएको । |
| ५ | मनोविमर्शकर्ता | १ | आंशिक | कम्तीमा प्रवीणता प्रमाण-पत्र तह वा १२ कक्षा उत्तीर्ण गरी कम्तीमा तीन महिनाको मनोविमर्शकर्ताको तालीम लिएको र अनुभव भएको (बालिका मात्र भएकोमा महिला मात्र मनोविमर्शकर्ता हुनु पर्ने) । |
| ६ | स्वास्थ्यकर्मी | १ | आंशिक | नर्सिङ्ग वा हेल्थ असिस्टेन्टको कोर्ष पूरा गरी स्वास्थ्य सम्बन्धी कार्यानुभव भएको वा कम्तीमा अहेव वा अनमी भइ पाँच वर्षको स्वास्थ्य सम्बन्धी कार्यानुभव भएको । |
| ७ | खेल मनोरञ्जन सहयोगी | १ | आंशिक | खेलकूद गराउने कार्य सम्बन्धी कार्यानुभव भएको । |

(५) उपदफा (४) बमोजिमको जनशक्ति बीस जना बालबालिकाको हेरचाहको लागि तोकिएको हुनाले बीस जनाभन्दा बढी बालबालिका भएको बाल गृहले सोही अनुपातमा थप जनशक्तिको व्यवस्था गर्नु पर्नेछ ।

(६) बाल गृहको प्रमुख वा व्यवस्थापक नेपाली नागरिक हुनु पर्नेछ ।

(७) बाल गृहका कर्मचारी, त्यहाँ सलग्न हुने कुनै पनि व्यक्ति तथा बाल गृह सञ्चालन गर्ने संस्थाका पदाधिकारी एवम् सदस्यहरूमा बालबालिकाका लागि बालमैत्री एवम् लैङ्गिक-संवेदीमैत्री बोली, व्यवहार तथा कार्य गर्न सक्षम भएको हुनु पर्नेछ ।

(८) बाल गृहका कर्मचारी, त्यहाँ सलग्न हुने कुनै पनि व्यक्ति तथा बाल गृह सञ्चालन गर्ने संस्थाका पदाधिकारी एवम् सदस्यहरूलाई बाल गृहको आधारभूत मान्यता एवम् सिद्धान्त, बालबालिकाको अधिकार तथा बाल संरक्षणको विषयमा नियमित रूपमा तालीम दिएर/लिएर सक्षमता अभिवृद्धि गरेको हुनु पर्नेछ ।

७. **<u>बाल गृह सञ्चालन गर्न आवश्यक हुने आर्थिक स्रोतको व्यवस्था हुनु पर्नेः</u>** कम्तीमा बीस जना बालबालिका राख्न सक्ने बाल गृह सञ्चालनको लागि देहाय बमोजिमको आर्थिक स्रोतको व्यवस्था हुनु पर्नेछः-

(१) बाल गृहमा रहेका बालबालिकाको संख्याको आधारमा कम्तीमा तीन वर्ष बाल गृह सञ्चालन गर्न लाग्ने खर्च व्यहोर्ने विश्वासिलो स्रोतको व्यवस्था भएको दाता सँगको सम्झौता, स्वीकृति पत्र वा अन्य भरपर्दो प्रमाण हुनु पर्नेछ ।

(२) बाल गृह सञ्चालन खर्च जुटाउने भरपर्दो प्रमाण नभएको अवस्थामा बाल गृह सञ्चालन गर्ने संस्थाका सञ्चालक समितिका सदस्यहरूले कम्तीमा तीन वर्षसम्म बाल गृह सञ्चालन सम्बन्धी आर्थिक दायित्व व्यहोर्ने लिखित प्रतिवद्धता गरेमा भरपर्दो प्रमाणको रुपमा लिन सकिनेछ ।

(३) बाल गृह सञ्चालन गर्दा त्यहाँ संरक्षित बालबालिकाको देहायको अधिकार सुनिश्चित गर्नको लागि आर्थिक स्रोत साधन उपलब्ध भएको यकीन गर्नु पर्नेछः-

(क) बालबालिकालाई आश्रय दिने, खानपिन, पालनपोषण गर्ने स्वास्थ्य उपचार गर्ने, उचित शिक्षा तथा व्यवसायिक तालीम प्रदान गर्न,

(ख) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकूद तथा मनोरञ्जनको सुविधा उपलब्ध गराउन,

(ग) बालबालिकाको परिवारको स्थिति सुदृढ भएको पाइएमा कुनै पनि बेलामा उनीहरूलाई परिवारमा पुनर्मिलन गराउन र बालबालिका अठार वर्ष पूरा भएपछि समाजमा पुनःस्थापना गर्न, गराउन ।

(४) बाल गृहले विदेशी नागरिक, दातृ संस्था एवम् निकायबाट नगद वा जिन्सी सहयोग लिँदा प्रचलित कानून अनुसार नेपाल सरकारको तोकिएको निकायबाट स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमति लिइएको कुराको प्रमाण सरकारी निकाय एवम् बाल गृह अनुगमन गर्ने अख्तियारी पाएको निकायले मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

(६) बाल गृह सञ्चालनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आर्थिक, भौतिक तथा मानवीय सहयोग उपलब्ध गराउन सक्नेछन् ।

(७) कुनै कारणबस बाल गृहमा बीस जनाभन्दा कम बालबालिका भएमा वा बाल गृह सञ्चालनको लागि आर्थिक स्रोत सुनिश्चित गर्न नसकिएको अवस्था लगायत अन्य मनासिब कारण देखिएमा परिषद्को अनुमति लिई नजिकको स्थान विशेषमा रहेका दुई वा दुईभन्दा बढी बाल गृह एक आपसमा गाभ्न, गाभिन सक्नेछन् ।

(८) बाल गृह सञ्चालन गर्ने संस्थाले बाल गृह सञ्चालनको लागि व्यवस्था गर्नु पर्ने सुरक्षण रकम अनिवार्य रुपमा बाल गृहको खातामा जम्मा गरेको वा बाल गृहको कोषमा जम्मा भएको दाखिला भएको प्रमाण हुनु पर्नेछ।

८. **<u>बाल गृहमा बालबालिकाको भर्ना प्रक्रिया:</u>** बाल गृहले बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई देहाय बमोजिम भर्ना गर्नु पर्नेछः-

(१) बाल गृहले बालबालिका भर्ना गर्दा दीर्घकालीन संरक्षणका लागि ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था गर्न आवश्यक भएका र अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट सिफारिस भै आएका बालबालिका तथा ऐनकै दफा ६९ बमोजिम तत्काल उद्धार र संरक्षण गर्न आवश्यक देखिएका बालबालिकाको अल्पकालीन तथा अस्थायी संरक्षण सेवा प्रबन्धका लागि मात्र भर्ना गर्नु पर्नेछ ।

(२) बाल गृहले दीर्घकालीन संरक्षणका लागि बालबालिका भर्ना गर्दा सम्बद्ध स्थानीय तहको बाल कल्याण अधिकारीले ऐनको दफा ४९ को उपदफा (२) मा उल्लिखित प्राथमिकताका आधार र प्रक्रिया पूरा गरेको सिफारिस पत्र तथा नियमावलीको नियम ५५ मा उल्लेख भए बमोजिमका सम्बन्धित कागजातको प्रतिलिपि लिएर मात्र भर्ना गर्नु पर्नेछ।

(३) अस्थायी संरक्षण सेवा प्रदान गर्ने बाल गृह वा संस्थाले सम्बद्ध बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकारी समिति, स्थानीय तह वा प्रदेश बाल अधिकार समिति, प्रदेशमा बालबालिकाको विषय हेर्ने मन्त्रालय वा परिषद्, मन्त्रालय, बालबालिका खोजतलास समन्वय केन्द्र/प्रदेश समन्वय केन्द्र/जिल्ला समन्वय केन्द्र वा नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, प्रहरी कार्यालय/एकाइ वा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र वा एक महिनाजति बाल हेल्पलाइन सेवामा संरक्षित बालबालिकालाई थप केही समयको लागि अस्थायी संरक्षण सेवामा राख्नु पर्ने आवश्यकता भएमा बाल हेल्पलाइन सेवाको सिफारिस पत्रको आधारमा मात्र बालबालिका भर्ना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अस्थायी संरक्षण सेवामा रहेका बालबालिकालाई परिवारमा पुनर्मिलन वा सामाजिक पुनःस्थापना गर्न सकिएन र दीर्घकालीन संरक्षणका लागि अन्य बाल गृहमा स्थानान्तरण तथा हस्तान्तरण गर्नु परेमा सम्बन्धित बाल कल्याण अधिकारीको सिफारिसमा मात्र गर्नु पर्नेछ ।

(५) बालबालिका भर्ना गरेको समयमा बालबालिकाको तस्वीर सहित पूर्ण व्यक्तिगत विवरण (शिक्षा, स्वास्थ्य, मानसिक, शारीरिक स्थिति समेत)को अभिलेख अनुसूची -१ बमोजिमको वैयक्तिक विवरण फाराम पूरा भरी व्यक्तिगत विवरण फाइलमै संलग्न गरी राख्नु पर्नेछ।

(६) उपदफा (५) अनुसारको व्यक्तिगत विववरण फाइल खडा गर्दा व्यक्तिगत प्रकृतिका सूचना जानकारी वा पारिवारिक विवरण, बालबालिकाको हक पुग्ने सम्पत्ति सम्बन्धी कागजात समेत गोप्य रूपमा सुरक्षित राख्नु पर्नेछ । साथै, बालबालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धी आवधिक प्रगति प्रतिवेदन विवरण छुट्टाछुट्टै फाइल बनाएर सुरक्षित राख्नु पर्नेछ ।

(७) बाल गृहमा भर्ना गरिएका बालबालिकाको गोप्य प्रकृतिको विवरण तथा जानकारी अधिकार प्राप्त निकाय/संस्था वा अधिकारी वा व्यक्ति बाहेक अन्य कसैलाई दिनु हुँदैन।

(८) बाल गृहले सम्बन्धित बाल कल्याण अधिकारीसँग समन्वय गरी बाल गृहमा संरक्षित बालबालिकाको सम्पत्तिको संरक्षण गर्नु पर्नेछ ।

(९) उपदफा (१, २ र ३) बमोजिम वैकल्पिक हेरचाहका लागि बाल गृहमा भर्ना हुन सिफारिस भएका बालबालिकालाई सम्भव भएसम्म सम्बन्धित प्रदेशमा रहने गरी आवासीय संरक्षण सेवा प्रदान गर्नु पर्नेछ ।

(१०) बाल कल्याण अधिकारीले तयार पारेको बालबालिकाको व्यक्तिगत र पारिवारिक पहिचानसँग सम्बन्धित प्रमाण, थातथलो र सम्पत्तिको विवरण सम्बन्धी कागजातको प्रमाणको प्रतिलिपि समेत बाल गृहले भर्नाकै समयमा प्राप्त गरी बाल गृहमा सुरक्षित राख्नु पर्नेछ।

(११) बाल गृहले प्रत्येक बालबालिकाको छुट्टा-छुट्टै वैयक्तिक विवरण अनुसूची -१ बमोजिमको वैयक्तिक विवरण फाराम पूर्ण रुपमा भरी बाल गृहको प्रमुख वा व्यवस्थापक वा सञ्चालकबाट प्रमाणित गरी सुरक्षित राख्नु पर्नेछ ।

(१२) बाल गृहमा बालबालिका भर्ना भएको एक महिनाभित्र भर्ना भएका बालबालिकाको सर्वोत्तम हितका लागि अनुसूची -२ बमोजिम प्रत्येक बालबालिकाको व्यक्तिगत योजना बनाउनु पर्नेछ ।

(१३) बाल गृहमा रहेका सबै बालबालिकाको विवरण बाल गृहले अनुसुची -३ बमोजिम राख्नु पर्नेछ र सोको विवरण वा अद्यावधिक विवरण सहितको जानकारी त्रैमासिक र वार्षिक रुपमा परिषद्, बाल कल्याण अधिकारी र स्थानीय तहलाई नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. **<u>बालबालिकाको भोजन तथा पोषण सम्बन्धी व्यवस्था:</u>** बाल गृहले बालबालिकाका लागि सन्तुलित तथा पोषणयुक्त खाना आत्मासम्मान हुने गरी सुरक्षाको प्रत्याभूति देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) बाल गृहले साप्ताहिक भोजन तालिका बनाएर संरक्षित बालबालिकालाई पर्याप्त पुग्ने पोषणयुक्त खाना तथा भोजन दैनिक चार पटक(बिहानको खाजा र खाना तथा दिउँसोको खाजा र बेलुकाको खाना) पोषणविदको सिफारिस अनुसार स्वच्छ तथा पोषणयुक्त खाना/खाजाको प्रबन्ध गरी खुवाउनु पर्नेछ। बालबालिकाको खानामा दूध, माछामासु, फलफूल, गेडागुडी तथा पर्याप्त प्रोटिन, कार्वोहाइड्रेड लगायतका पोषक तत्वको उचित मिश्रण भएको हुनु पर्नेछ ।

(२) बालबालिकाको उमेर, शारीरिक अवस्था एवम् आवश्यकतानुसार सफा, ताजा सन्तुलित तथा पौष्टिक खाना/आहार खुवाउने व्यवस्था गर्नु पर्नेछ।

(३) बाल गृहमा खुवाइने खानाको पौष्टिक तत्व र गुणस्तर एवम् पिउने पानीको स्वच्छताको छ/छ महिनामा परीक्षण गर्नु पर्नेछ । साथै, बाल गृहले पानी ट्याङ्की नियमित रूपमा सफा गर्ने र उपयुक्त प्रशोधन विधि अपनाएर पिउन योग्य पानीको व्यवस्था गर्नु पर्नेछ ।

(४) बाल गृहमा खानेकुरा तयार गर्ने प्रक्रिया, खाना खाने ठाउँ सफा हुनु पर्नेछ र उक्त स्थान सबै उमेर र अवस्थाका बालबालिकाको लागि सहजै पहुँच हुने सुविधा भएको हुनु पर्नेछ ।

(५) बालबालिकालाई स्वास्थको कारणले बाहेक अरू कारणले खाना खान निषेध गर्न वा कुनै खानेकुरा जबर्जस्ती खान कर लगाउनु हुँदैन ।

(६) बाल गृहले बाहिर अरू नै प्रयोजनको लागि पाकेको वा पकाइएको खानेकुरा मागेर वा ल्याएर बालबालिकालाई खुवाउनु हुँदैन ।

(७) कुनै व्यक्तिले कुनै अवसरमा बालबालिकालाई खान खुवाउन चाहेमा बाल गृहमा नै खर्च दिएर वा खानेकुरा बनाएर खुवाउन वा एकदिन अगाडि नै सबै बालबालिकालाई आमन्त्रित गरी होटेल/रेष्टुरेन्टमा खानेकुरा खुबाउन सक्नेछ । यसको लागि बाल गृह प्रशासनसँग अग्रिम अनुमति लिनु पर्नेछ ।

(८) बाल गृहले बालबालिकालाई काँचोकचिलो वा अस्वस्थकर खाना खुवाउनु हुँदैन ।

(९) बाल गृहले संरक्षित बालबालिकाको पोषणस्तरको पोषणविद्/ स्वास्थकर्मीबाट देहाय बमोजिम नियमित जाँच तथा अनुगमन गराउनु पर्नेछ ।

(क) जन्मदेखि तीन वर्षसम्मका बालबालिकाको हकमा प्रत्येक दुई महिनामा एक पटक,

(ख) तीन वर्षमाथि र छ वर्षसम्मका बालबालिकाको हकमा प्रत्येक तीन महिनामा एक पटक,

(ग) छ वर्षभन्दा माथि उमेरका बालबालिकाको हकमा हरेक छ महिनामा एक पटक ।

(१०) उपदफा (९) अनुसार पोषणस्तर जाँच वा अनुगमन गर्दा उमेर अनुसार तौल र उचाइ नभएका वा कुपोषण भएका बालबालिका पाइएमा चिकित्सक र पोषणविद्ले सिफारिस गरे अनुसार निजलाई बाल गृहले पौष्टिक आहार खुवाउने व्यवस्था गर्नु पर्नेछ ।

(११) चिसो मौसममा बाल गृहमा पिउन तथा स्नानको लागि समेत तातो पानीको व्यवस्था गर्नु पर्नेछ ।

(१२) बाल गृहमा जन्मदिन, पितृकार्य लगायतका विभिन्न अवसरहरुमा खाना खुवाउने कार्य गर्दा पूर्व सूचना दिइ बाल गृहमा नै खाना तयार गरी खुवाउने बाहेक अन्य प्रयोजनका लागि तयार गरिएको खाना ल्याएर खुवाउन पाइने छैन।

(१३) बालबालिकाको गोपनीयता र आत्मासम्मानको रक्षाका लागि खाना खुवाउँदा तथा उपहार दिँदाको तस्वीरहरु सामाजिक सञ्जालमा राख्न वा प्रकाशन गर्न पाइने छैन ।

१०. **बालबालिकाको स्वास्थ्य र सरसफाइमा ध्यान दिनु पर्नेः** बाल गृहले बालबालिकाको स्वास्थ्य र सरसफाइ सम्बन्धी व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछः-

(१) बाल गृहमा बालबालिका भर्ना हुनासाथ तुरून्त स्वास्थ्य परीक्षण गर्नु पर्नेछ र प्रत्येक छ/छ महिनामा नियमित स्वास्थ्य परीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गर्दा कुनै स्वास्थ्य समस्या पहिचान भएमा आवश्यकता अनुसार निज बालबालिकाको उपचारको व्यवस्था गर्नु पर्नेछ । यसरी उपचार गरेको जानकारी निज बालबालिकाको परिवारलाई दिनु पर्नेछ । यदि कुनै बालबालिकाको आमाबाबु वा परिवारबारे थाहा नभएको खण्डमा सम्बन्धित बाल कल्याण अधिकारीलाई त्यस्तो जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गर्दा बालबालिका बाल गृहमा भर्ना भएको समयमा पेश गरिएको स्वास्थ्य सम्बन्धी कुनै अभिलेख भए सो विवरण बाल गृहले सम्पूर्ण स्वास्थ्य परीक्षण(फुल बडी टेस्ट) गरिँदा सम्बन्धित चिकित्सकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) बालबालिकालाई बाल गृहमा भर्ना गर्दा निजलाई कुनै कुराको एलर्जी छ कि छैन भन्ने सूचना लिने वा परीक्षण गराउने र त्यसबारे सम्बन्धित बालबालिकालाई जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरण वा प्रतिवेदन सम्बन्धित बालबालिकाको स्वास्थ्य सम्बन्धी फाइलमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(६) प्राथमिक स्वास्थ्य उपचार(First Aid Kit)को लागि आवश्यक औषधी सुरक्षित तवरले राखी आवश्यक परेका खण्डमा प्राथमिक उपचारको व्यवस्था मिलाउनु पर्नेछ।

(७) संरक्षित कुनै बालबालिकालाई कुनै सरूवा रोग लागेकोमा तथा अलग्गै राखेर उपचार गराउनु पर्ने अवस्था आएमा निजलाई छुट्टै कोठामा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(८) बालबालिकालाई उमेर अनुसार नेपाल सरकारले उपलव्ध गराएका सबै प्रतिरोधक खोपहरू दिनु पर्नेछ।

(९) बाल गृहले संरक्षित बालबालिकालाई आवश्यक पर्ने स्वास्थोपचार उपलब्ध गराउने स्वास्थ्य संस्थाको सूची तयार गरी राख्नु पर्नेछ र विशिष्ट उपचार सेवाको आवश्यकता भएका बालबालिकाका लागि त्यस्तो सेवा दिने स्वास्थ्य संस्था वा चिकित्सकसँग नियमित जाँचको व्यवस्था गरी सोको अभिलेख राख्नु पर्नेछ ।

(१०) बाल गृहले सबै बालबालिकालाई मौसम सुहाउँदो हुनेगरी कम्तीमा वर्षको दुई जोर लुगा(विद्यालयको पोशाक बाहेक)को जुत्ता मोजा, नुहाउँदा प्रयोग हुने ठूलो रूमाल, चप्पल आदिको व्यवस्था गर्नु पर्नेछ ।

(११) बाल गृहले सबै बालबालिकाको स्वास्थ्य बीमा गर्नु पर्नेछ र यसरी सबै बालबालिकाको स्वास्थ्य बीमा गर्दा नियमानुसार सरकारले सोमा सहयोग गर्ने भएमा सोका लागि समन्वय र सहयोग गर्नु पर्नेछ ।

(१२) बाल गृहमा असह्य हल्ला, धुवाँ, धूलो र दुर्गन्ध नहुने गरी नियमित सरसफाइको व्यवस्था गर्नु पर्नेछ । साथै, बाल गृहको फोहोरलाई दूर्गन्ध नफैलने र बालबालिकाको स्वास्थ्यमा हानी नपुग्ने गरी कुहिने र नकुहिने फोहोर अलग्गै राखी व्यवस्थापन गर्नु पर्नेछ ।

(१३) आवश्यकता अनुसार मानसिक स्वास्थ्य उपचार सेवाको प्रबन्ध मिलाउनु पर्नेछ ।

(१४) उमेर अनुसार बालबालिकालाई स्वास्थ्य शिक्षा र चेतना दिने व्यवस्था गर्नु पर्नेछ ।

(१५) बाल गृहले मनोरञ्जन तथा अन्य प्रयोजनका लागि विद्युतीय सामग्री प्रयोग गर्दा हुन सक्ने शारीरिक, मानसिक, मनोवैज्ञानिक र सामाजिक प्रभाव तथा जोखिम र असरको सम्बन्धमा बालबालिकालाई जानकारी गराउनु पर्नेछ ।

११. **शिक्षा, तालीम र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नु पर्ने:** बाल गृहमा बालबालिकालाई शिक्षा, तालीम र अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछः-

(१) विद्यालय जाने उमेरका बालबालिकालाई अनिवार्य रूपमा औपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्नेछ । यसरी शिक्षाको व्यवस्था गर्दा बाल गृहको स्रोत र साधनले भ्याएसम्म उच्च गुणस्तरको शिक्षा उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै कारणवश औपचारिक शिक्षा हासिल गर्न नसक्ने बालबालिकालाई निजको रूचि, क्षमता र आवश्यकता अनुसार अनौपचारिक शिक्षा, विशेष शिक्षा तथा व्यवसायिक तालीमको प्रबन्ध गर्नु पर्नेछ ।

(३) बालबालिका विद्यालय जाँदा आउँदा सुरक्षित आवतजावतको प्रबन्ध गर्नु पर्नेछ ।

(४) मौसम अनुसारको विद्यालय पोशाक (गर्मी र चिसो मौसममा पोशाक, जुत्ता, मोजा) एउटा मौसमका लागि कम्तीमा वर्षको दुई जोर उपलब्ध गर्नुपर्नेछ ।

(५) बाल गृहका कर्मचारी वा पदाधिकारीले विद्यालयमा आयोजित कार्यक्रममा अभिभावकको भूमिका निर्वाह गर्नु पर्नेछ ।

(६) बाल गृहमा बिहान-बेलुका बालबालिकालाई पठन-पाठन तथा अतिरिक्त क्रियाकलापमा सहयोग गर्न शिक्षकको व्यवस्था गर्नु पर्नेछ ।

(७) बाल गृहमा रहेका बालबालिकाको रुची र क्षमता अनुसारका सिर्जनात्मक प्रतिभाको विकास गर्न उपयुक्त वातावरण बनाउन सहयोगको व्यवस्था गर्नु पर्नेछ ।

(८) बालबालिका सोह्र वर्ष पुगेपछि अर्थात एस.इ.इ.को शिक्षा पूरा गरी अठार वर्ष उमेर पूरा भइ बाल गृहबाट विदा हुनु अगावै बाल गृहमा रहेका प्रत्येक बालबालिकालाई बाल गृहबाट बिदा भइ गएपछि निजको जीवनयापन सहज बनाउनका लागि आवश्यक सीपमूलक तालीम र उच्च शिक्षा अध्ययनका लागि सहयोग गर्ने तथा आवश्यक सहयोग प्रायोजनको व्यवस्था गर्नु पर्नेछ

(९) बाल गृहमा संरक्षित बालबालिकालाई बाल गृहबाट विदा गर्नुअघि उनीहरूको युवा विकास योजना बनाउनु पर्नेछ । यसरी योजना बनाउँदा निज बालबालिकाको रूचि, क्षमतालाई प्राथमिकता दिनु पर्नेछ । योजना सही रूपमा कार्यान्वयन भए नभएको हेर्न सम्बन्धित बालबालिकासँग वर्षमा दुईपटक छलफल गरी परिमार्जन गर्नु पर्नेछ । यस्तो छलफल तथा पुनरावलोकनको अभिलेख अनुसूची -२ बमोजिम राख्नु पर्नेछ ।

(१०) बाल गृहमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी उनीहरुको लिङ्ग, उमेर र शारीरिक अवस्था अनुसार घरभित्र र बाहिर खेलिने एकल र सामूहिक खेल खेल्ने तथा साँस्कृतिक र विभिन्न खेलकूद प्रतियोगितामा सहभागी हुने लगायत सिर्जनात्मक सामग्री र खेल सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(११) बालबालिकाको उमेर र अवस्था अनुसार मनोरञ्जन, सिकाइ र हितका लागि उपयुक्त हुने सिनेमा वा भिडियो र टेलिभिजन हेर्न, कम्प्युटर, इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गर्ने (अनलाइन सुरक्षाको सुनिश्चित हुनेगरी) व्यवस्था गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गर्दा अनलाइन सुरक्षाका उपायहरू अवलम्बन गरिएको हुनु पर्नेछ र टेलिभिजन वा इन्टरनेट प्रयोग गर्दा बाल गृहले तोकेको समय र स्थानमा मात्र प्रयोग गर्न दिने व्यवस्था गर्नु पर्नेछ ।

(१३) बाल गृहले किशोरावस्थाका बालबालिकालाई लक्षित गरी जीवनोपयोगी सीप (सफ्ट स्कील) सम्बन्धी तालीमको व्यवस्था गर्नु पर्नेछ ।

**स्पष्टीकरणः** उपदफा (१३) को प्रयोजनका लागि जीवनोपयोगी सीप भन्नाले समस्या समाधान गर्ने सीप, सञ्चार सम्बन्धी सीप, निर्णय गर्ने सीप, अन्तर वैयक्तिक सम्बन्ध बनाउने सीप, जीवनको लक्ष्य निर्धारण गर्ने सीप, सम्झौता (नेगोसिएसन) गर्ने लगायतका सीपलाई मानिनेछ ।

(१४) बाल गृहले बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक, साहित्यिक र सांस्कृतिक कार्यक्रममा सहभागी हुने अवसर सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्था तथा सञ्चालन गर्नु पर्नेछ ।

१२. **बाल गृहमा बाल संरक्षण, बालमैत्री वातावरण र आत्मासम्मानको सुनिश्चितता गर्नु पर्ने:** बाल गृहले संरक्षित बालबालिकाको संरक्षण, बालमैत्री वातावरण र आत्मासम्मान देहाय बमोजिम सुनिश्चित गर्नु पर्नेछः-

(१) बाल गृहमा रहेका बालबालिकालाई बाबुआमा वा परिवारमा पुनर्मिलन गर्ने गराउने कार्य बाहेक वैकल्पिक हेरचाहको कुनै पनि प्रबन्धमा बालबालिकालाई स्थानान्तरण तथा पुनःस्थापना गर्नु गराउनुअघि आवश्यकता, उपयुक्तता र निज बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तको पालना गरिएको हुनु पर्नेछ ।

(२)बालबालिका सम्बन्धी कुनै पनि कार्य गर्दा उनीहरूको आवश्यकता, रूची र सर्वोत्तम हितलाई प्रथमिकता दिनु पर्नेछ ।

(३ (बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार लगायत कुनै पनि अन्य दुर्व्यवहार, शोषण, ओसारपसार, हेपाइ, लाञ्छना तथा अभियोग, शारीरिक तथा मानसिक सजाय तथा पीडा र तनाव, धाकधम्की दिने जस्ता कार्य गर्नु, गराउनु हुँदैन ।

(४) उपदफा (३) बमोजिमका घटना बाल गृहमा भएमा घटनाको प्रकृति हेरी आवश्यकता अनुसार सम्बन्धित बालबालिकाको गोपनीयता कायम राख्नु, आवश्यकता अनुसार मनोविमर्श, स्वास्थोपचार र कानूनी उपचार गर्नु पर्नेछ । बाल गृहका कुनैपनि व्यक्तिबाट बालबालिका विरुद्ध यस्ता घटना भएमा शून्य सहनशीलताको आधारमा प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(५) कानून विपरीत कुनै पनि आधारमा बालबालिकाबीच भेदभाव हुने व्यवहार तथा क्रियाकलाप बाल गृहसँग सम्बन्धित जो कोही व्यक्तिले गर्नु हुँदैन।

(६) बालगृहले बालबालिकामाथि लिङ्ग, जातजाति, सम्प्रदाय, धर्म, वर्ण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य सम्बन्धी समस्या, निज बालबालिका बाल गृहमा आउनु पर्नाका खास कारण लगायत कुनै पनि आधारमा कुनै किसिमको भेदभाब नगरिने कुरा सुनिश्चित गर्नु पर्नेछ ।

(७) बाल गृहभित्र उजुरी/सुझाव पेटिका वा बाकस राख्ने र प्रत्येक हप्ता बाल गृहका पदाधिकारीहरु, बालबालिका तथा बाल क्लवका प्रतिनिधि सहितको उपस्थितिमा खोल्ने एवम् उजुरी भएमा उक्त घटनाको उपयुक्त सम्बोधन गर्ने संयन्त्र बनाइ सोको निराकरण गर्नु पर्नेछ। यदि निराकरण हुन सकेन भने सम्बन्धित स्थानीय तह वा न्यायिक समिति र बाल कल्याण अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम उजुरी/गुनासो पेटिका राख्न र आएका गुनासोको सम्बोधनका लागि बाल गृहले त्यस सम्बन्धी कार्यविधि तयार गर्नु पर्नेछ र त्यस्तो कार्यविधिमा देहायका कुराहरू समावेश भएको हुनु पर्नेछः-

(क) गुनासो सुनुवाइ समितिको गठन,

(ख) आएका गुनासो/उजुरीको अभिलेख राख्ने कार्यविधि,

(ग) आएका उजुरीको गोपनीयता कायम गर्ने कार्यविधि,

(घ) गुनासो/उजुरीकर्ताको गोपनीयता कायम गर्ने र निजको संरक्षणको प्रवन्ध,

(ङ) गुनासो/उजुरीको छानबीन गर्ने प्रक्रिया,

(च) गुनासो/उजुरीको छानबीनमा दोषी देखिएमा गर्ने कारबाही र सो को जानकारी उजुरीकर्तालाई दिने व्यवस्था आदि ।

(९) बाल गृहका कर्मचारी र अन्य सम्बद्ध सबै व्यक्तिलाई बालबालिकाको संरक्षण तथा समस्यामा परेका बालबालिकासँग बालमैत्री व्यवहारबारे नियमित रूपमा तालीम लिने/दिने व्यवस्था गर्नु पर्नेछ ।

(१०) बाल गृहले बालिकाको शौचालय वा शयन कक्षमा बालक वा पुरूषहरूको पहुँच र बालकको शौचालय वा शयन कक्षमा बालिका वा महिलाहरूको पहुँच निषेध गर्नु पर्नेछ ।

(११) बालिकाहरूमात्र रहेको बाल गृहमा उनीहरूको हेरचाहका लागि महिला कर्मचारी नै हुनु पर्नेछ ।

(१२) बाल गृहले बालबालिकाका आमाबाबु, नातेदार वा आफन्तसँग बाल गृहभित्र र विद्यालय बिदा भएको समयमा घरपरिवारमा नै गइ भेटघाट गर्ने व्यवस्था गर्नु पर्नेछ । यसरी बालबालिकासँग भेटघाट गर्न आउने तथा बालबालिका लिन आउने व्यक्तिको पहिचान खुल्ने कागजात वा नागरिकता प्रमाण-पत्रको प्रतिलिपि बाल गृहमा राख्नु पर्नेछ ।

(१३) बाल गृहमा रहेका बालबालिकाको सर्वोत्तम हित विपरीत हुनेगरी, उनीहरूको सुसूचित सहमति नलिइ तस्वीर खिच्नु र तस्वीर सार्वजनिक गर्नु हुँदैन ।

(१४) कार्यालय प्रयोजनका लागि तस्वीर खिच्नुपर्दा प्रयोजन खुलाएर बालबालिकाको सुसूचीत सहमति लिनु पर्नेछ । उक्त तस्वीरको प्रयोग तोकिएको प्रयोजनका लागि मात्र हुनु पर्नेछ । साथै, निज बालबालिका अठार वर्ष पूरा गरेपछि निजको तस्वीर प्रयोग गर्नु परेको खण्डमा निजसँग पुनः सहमति लिनु पर्नेछ ।

(१५) बाल गृहले संरक्षित बालबालिकाको व्यक्तिगत मर्यादाको सुरक्षा गर्नु पर्नेछ । बाल गृहले बालबालिकाको व्यक्तिगत मर्यादा, आत्मासम्मानमा ठेस पुर्‍याउने खालका कुनै पनि श्रव्य, दृश्य वा पाठ्सामग्री उत्पादन गर्ने, प्रचारप्रसार गर्ने तथा भण्डारण गर्ने काम गर्नु, गराउनु हुँदैन ।

(१६) बाल गृहले बालबालिकालाई नियमित रूपमा उनीहरूमाथि हुनसक्ने हानी, राम्रो र नराम्रो छुवाइ तथा उपयुक्त एवम् अनुपयुक्त व्यवहारबारे सामूहिक रूपमा वा व्यक्तिगत तवरले जानकारी दिनु पर्नेछ ।

(१७) बाल गृहमा संरक्षित बालबालिकालाई कसैले उपहार दिन चाहेमा बाल गृह व्यवस्थापनको स्वीकृति लिइ कोही कसैलाई विभेद नहुने गरी र आत्मासम्मानमा आँच नआउने गरी  तथा सबैलाई पुग्नेगरी उपहार दिने व्यवस्था गर्नु पर्नेछ । यदि कुनै बालबालिकालाई मात्र उपहार दिने भएमा त्यसो गर्नु पर्नाको कारण खुलाई बाल गृह व्यवस्थापनले अरू बालबालिकालाई जानकारी दिनु पर्नेछ ।

(१८) बाल गृह भवन वा बाल गृह परिसरमा रहेको आवास गृहमा दातृ निकायका विदेशी प्रतिनिधि वा स्वयम् सेवक आवासीय रुपमा बस्न पाइने छैन ।

१३. **<u>बाल गृहमा बाल क्लब गठन, सञ्चालन र बाल सहभागिताको प्रवर्धनः</u>** बाल गृहमा बाल अधिकार संरक्षण र प्रवर्धनका लागि बाल गृहले बाल क्लब गठन गरी गराइ बालबालिकालाई देहाय बमोजिम सहभागिता गराउनु पर्नेछः-

(१) बाल गृहमा रहेका बालबालिकाको सर्वोत्तमम हितलाई ध्यानमा राखी उनीहरुको नेतृत्व विकास, क्षमता अभिवृद्धि, प्रतिभा प्रस्फूटन लगायत बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बाल क्लब गठन गराइ सम्बन्धित स्थानीय तहमा दर्ता गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) बाल गृहको दीर्घकालीन वा वार्षिक योजना तथा कार्यक्रम तथा पटके कार्यक्रम तर्जुमा गर्दा, साप्ताहिक भोजन तालिका निर्माण गर्दा तथा बालबालिका सम्बन्धी कुनै पनि कार्य गर्दा बालबालिकालाई सहभागी गराइ उनीहरुको विचारलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) बाल गृहमा रहेका बालबालिकालाई बाल संरक्षण र बाल अधिकारका विषयमा आफ्नो सहभागिताका लागि बालबालिकासँगको छलफलका आधारमा प्रत्येक बालबालिकाको व्यक्तिगत योजना तयार गरी उमेर र क्षमता अनुसार सक्षम बनाउन आवश्यक क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ र कम्तीमा प्रत्येक छ/छ महिनामा बालबालिकाको सहभागिताको आवधिक समीक्षा गरी सोमा आवश्यक सुधार गर्नु पर्नेछ ।

(४) बाल गृहमा बाल क्लब वा बाल संस्था दर्ता तथा नवीकरण गरेको तीस दिनभित्र परिषद्, स्थानीय तह र बाल कल्याण अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(५) बाल गृहले बाल क्लब वा बाल संस्था दर्ताको लागि आवश्यक हुने विधान लगायतको विधि र प्रक्रियाबारे बालबालिकालाई सहयोग तथा सहजीकरण गर्नु पर्नेछ ।

## परिच्छेद -४
## <u>पारिवारिक पुनर्मिलन तथा वैकल्पिक व्यवस्थाको ढाँचा र स्वरुप</u>

१४. **<u>बाल गृहबाट बिदाइ गर्दा पारिवारिक पुनर्मिलन तथा अन्य वैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेः</u>** बाल गृहले बालबालिकालाई बिदाइ गर्दा पारिवारिक पुनर्मिलन, सामाजिक पुनःस्थापना तथा अन्य वैकल्पिक हेरचाहको व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछः-

(१) बाल गृहले बालबालिकालाई बिदाइ गर्दा निजको शैक्षिक, आर्थिक, वैयक्तिक तथा पारिवारिक कागजात सम्बन्धी कागजात र सरसामान, भविष्यमा गरिने सहयोग तथा सहयोग प्रायोजन र सम्बन्धबारे सम्झाइ बुझाइ सौहार्दपूर्ण वातावरणमा बिदाइ गर्नु पर्नेछ ।

(२) बाल गृहले बालबालिकालाई वैकल्पिक हेरचाहको प्रबन्धमा ल्याएको दिनदेखि नै निजलाई परिवारमा पुनर्मिलन गर्न सकिने सम्भावनाको खोजी गर्नु पर्नेछ र परिवारको स्थितिमा सुधार आएको अवस्थामा निज बालबालिकालाई परिवारमा पुनर्मिलन गर्नु पर्नेछ ।

(३) बालबालिकालाई परिवारमा पुनर्मिलनको प्रक्रियामा लैजाँदा पुनर्मिलन गराउनु अघि, पुनर्मिलनको क्रममा र पुनर्मिलन पछिको सबै चरणमा निज बालबालिका र उनको परिवारको पुनर्मिलन सम्बन्धी तयारी गरी आवश्यक जानकारी लिनु पर्नेछ र यी सबै प्रक्रियामा सम्बन्धित स्थानीय तहमा रहेको बाल कल्याण अधिकारीलाई समेत संलग्न गराउनु पर्नेछ ।

(४) बाल गृहले बालबालिकालाई बाल गृहबाट पारिवारिक पुनर्मिलनको कार्य गर्दा नियमावलीको नियम ६५ बमोजिम समाजसेवी तथा बाल मनोविज्ञले दिएको प्रतिवेदनको आधारको अतिरिक्त अनुसूची -४ बमोजिमको पारिवारिक लेखाजोखा तथा मूल्याङ्कन गरी अनुसूची -५ बमोजिमको पारिवारिक पुनर्मिलन भर्पाई लिई अन्य सान्दर्भिक जानकारी सहित सम्बद्ध स्थानीय तह र बाल कल्याण अधिकारीसँगको समन्वय तथा सहकार्यमा पारिवारिक पुनर्मिलन गर्नु पर्नेछ । पारिवारिक पुनर्मिलन हुन नसकेमा सामाजिक पुनःस्थापना वा सामूहिक बसोबासको व्यवस्था गर्नु परेमा सम्बन्धित बालबालिकाको इच्छा वा सहमति लिई सोही बमोजिमको पुनःस्थापनाको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) परिवार वा समुदायमा पुनर्मिलन तथा पुनःस्थापना भएका बालबालिकाको जीवनयापनमा आर्थिक सहयोगका लागि सहज गराउन आवश्यक भएमा बाल गृहले स्थानीय तह तथा बाल कल्याण अधिकारीसँगको समन्वय तथा सहकार्यमा पुरक सहयोग गर्नु पर्ने वा सहयोग प्रायोजनको व्यवस्था मिलाउन सहजीकरण गर्नु पर्नेछ ।

१५. **<u>सामाजिक पनःस्थाना तथा सामूहिक बसोबासको ढाँचा र स्वरुपः</u>** अठार वर्ष उमेर पूरा भएका तर बाल गृहले पारिवारिक पुनर्मिलन गर्न नसकेका वा माध्यमिक तहसम्मको शिक्षा पूरा गरेका बालबालिकाका लागि सम्बद्ध स्थानीय तह वा बाल अधिकार समिति र बाल कल्याण अधिकारीसँगको समन्वय तथा सहकार्यमा अन्य वैकल्पिक व्यवस्था गर्नु पर्ने वा योजना बनाउनु पर्नेछ। बाल गृहले न्यूनतम देहाय बमोजिमको ढाँचा र स्वरुपमा यस्ता बालबालिकाको सामाजिक पुनःस्थापना तथा सामूहिक बसोबासको व्यवस्था गर्नु पर्नेछः-

(क) माध्यमिक तहसम्मको शिक्षा पूरा भएको वा बालबालिकाको उमेर सोह्र वर्ष पूरा भएपछि परिवारमा पुनर्मिलन हुन नसक्ने बालबालिकालाई प्राथमिकतामा राखेर बाल गृहबाट बिदा भै गएपछि आफ्नो जीवनयापन सहज बनाउनका लागि आवश्यक व्यवसायमूलक सीप तालीम र उच्चशिक्षा अध्ययनमा समेत सहयोग प्रदान गर्न आवश्यक सहयोग तथा सहयोग प्रायोजनको व्यवस्था गर्नु पर्नेछ ।

(ख) यस्ता बालबालिकामा अन्तरनिहीत कुनै विशेष सीप, क्षमता वा प्रतिभाको विकास गराउन बालबालिकाको इच्छा र व्यक्तिगत योजनाको आधारमा आवश्यक वातावरण र सहयोगको व्यवस्था गर्नु पर्नेछ ।

(ग) एकल वा समूहमा आयमूलक काम गर्नका लागि ऋण वा सहयोगको व्यवस्था गर्नु पर्नेछ । यस्ता बालबालिका वा बाल समूहले कुनै सेवा वा वस्तु उत्पादन गर्ने अवस्थामा बिक्री वितरणमा समेत आवश्यक सहजीकरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) बाल गृहले मूलतः यस्ता बालबालिका वा बाल समूहलेका लागि बाल गृहलाई उनीहरुको आफ्नो घर सरहको भावना आउने वातावरण बनाउनु पर्नेछ ।

(ङ) बाल गृहमा बसेका र अठार वर्ष उमेर पूरा भइसकेका व्यक्तिलाई आंसिक वा पूर्ण रोजगारी दिएमा नियमावलीको नियम ६५ को उपनियम (७) बमोजिम नियुक्तिपत्र सहित पारिश्रमिक र अन्य सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(च) स्थानीय तह वा बाल कल्याण अधिकारी वा बाल अधिकार समिति वा परिषद् वा मन्त्रालय वा युवा परिषद्को समन्वय र सहयोग समेतमा सञ्चालित युवा स्वरोजगार कार्यक्रममा सहभागी गराउन सहजीकरण गर्नु पर्नेछ ।

## परिच्छेद -५
## बाल संरक्षण मापदण्ड तथा आचारसंहिता

१६. **बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्ने:** बाल गृहले संस्थागत रुपमा ऐनको दफा ५७ बमोजिम बाल संरक्षण सम्बन्धी मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ । बाल गृहलाई ऐनको दफा ५७ अनुसार बाल संरक्षण मापदण्ड बनाइ लागू गर्न तथा संस्था वा संस्थासँग सम्बन्धित कुनै पनि व्यक्तिले पालना गर्न गराउन देहाय बमोजिम हुने गरी बाल संरक्षण मापदण्ड बनाइ लागू गर्नु पर्नेछः-

(क) बालबालिकाको उमेर, जात, सम्प्रदाय, भौगोलिक अवस्थिति, धर्म, लिङ्ग, रंग, शारीरिक, मानसिक तथा आर्थिक अवस्था लगायतको आधारमा बोली र व्यवहारमा भेदभाव गर्ने, होच्याउने, अपहेलना र बेवास्ता गर्ने, उपलव्ध सेवा-सुविधा उपभोगबाट विभेद र बञ्चित गर्ने जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन।

(ख) प्रचलित कानून विरुद्ध र ऐनको दफा ६६ को उपदफा (२) बमोजिमको बालबालिका विरुद्धको हिंसा र दफा ६६ को उपदफा (३) बमोजिमको बाल यौन दुर्व्यवहार गर्नु गराउनु हुँदैन।

(ग) बाल गृहमा रहेका बालबालिकाको धर्म परिवर्तवन गर्नु गराउनु हुँदैन ।

(घ) बालबालिकालाई खाना, कपडा, सुरक्षित आवास, शिक्षा, स्वास्थ्य, पोषण, सरसफाइ, प्राथमिक उपचारका साधनहरूमाथिको पहुँच तथा जानकारी, पारिवारिक सम्पर्क, सहभागिता, फुर्सदको समयमा खेल्न पाउने अधिकारबाट बञ्चित गर्नु गराउनु हुँदैन।

(ङ) प्रचलित कानून तथा ऐनको दफा ११ बमोजिम कुनै पनि बालबालिकाको व्यक्तिगत र चरित्र सम्बन्धी सूचना तथा प्रमाण गोप्य राख्नु पर्नेछ। बाल गृहमा रहेका बालबालिका सम्बन्धी कुनै पनि सूचना तथा जानकारी अधिकार प्राप्त नियका/संस्था वा व्यक्ति बाहेकलाई दिने वा सार्वजनिक गर्नु गराउनु हुँदैन।

(च) प्रचलित कानून तथा सामाजिक मूल्य र मान्यताको विरूद्धका कार्यहरुमा लाग्न र उक्साउन तथा सूचना प्रवाह गर्न हुँदैन।

(छ) बाल गृहमा काम गर्ने सबै पदाधिकारी तथा कर्मचारीहरुले प्रहरीबाट जारी भएको चारित्रिक प्रमाणपत्रको आधारमा बालबालिका विरुद्धको हिंसा तथा बाल यौन दुर्व्यवहारमा विगतमा सजाय नपाएको सुनिश्चित गर्नु पर्नेछ ।

(ज) यो मापदण्डको पालना गर्नु बाल गृहसँग सम्बन्धित कर्मचारी तथा पदाधिकारी लगायत सबैको कर्तव्य हुनेछ। यसको पालनाको जवाफदेहिता बाल गृह प्रमुख वा व्यवस्थापकको हुनेछ ।

१७. **बाल गृहसँग सम्बन्धित व्यक्ति र बालबालिकाको आचारसंहिता सबैले देख्ने गरी राख्नु पर्नेः** बाल गृहसँग सम्बन्धित व्यक्ति र बालबालिकाका लागि छुट्टा-छुट्टै आचारसंहिता निम्न बमोजिम तयार गरी सबैले सजिलै बुझ्ने गरी देखिने ठाउँमा राख्नु पर्नेछ। आचारसंहिताका यी बुँदाहरु न्यूनतम हुन्। बाल गृहले स्थान र स्थिति अनुसार थप बुँदाहरु समावेश गर्न सक्नेछ।

**(क) बाल गृहका पदाधिकारी, कर्मचारी, स्वयम् सेवक तथा बाल गृहमा आउने जो कोहीले पालना गर्नु पर्ने आचारसंहिताः-**

१. बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य गर्नु हुँदैन।

२. बालबालिकासँग यौनजन्य शव्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप गर्नु हुँदैन ।

३. जाति, संस्कृति, उमेर, लिङ्ग, शारीरिक अवस्था, धर्म, क्षेत्र, यौनिकता लगायत कुनै पनि आधारमा बालबालिकालाई भेदभाव हुने, जिस्काउने, हेप्नेजस्ता व्यवहार गर्नु हुँदैन ।

४. बालबालिकाको इच्छा विपरीत हात मिलाउने, उनीहरूलाई छुने लगायतका व्यवहार वा कार्य गर्नु, गराउनु हुँदैन ।

५. बालबालिकाप्रतिको आफ्नो व्यवहारको अरुले अपव्याख्या गर्न सक्छ भन्ने ख्याल राख्नुपर्छ।

६. आचारसंहिताको उल्लंघन भएको विश्वास वा हुने शंका भएमा समस्या समाधान गर्ने दायित्व र अधिकार भएको जिम्मेवार निकायलाई तत्काल जानकारी गराउनु पर्दछ।

७. प्रत्येक बालबालिकाको बाल अधिकार तथा गोपनीयताको अधिकारको सम्मान तथा पालना गर्नु पर्दछ।

८. बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक एक्ला-एक्लै भेटघाट गर्ने तथा एकान्तमा बस्ने कार्य गर्नु हुँदैन ।

९. बाल गृहमा अनलाइन र सञ्चार लगायत प्रकाशन सामग्रीहरुमा यौनजन्य लगायत अन्य नकारात्मक सामग्रीहरु हेर्ने, देखाउने तथा सामाजिक सञ्जालहरुमा अपलोड गर्ने कार्य गर्नु गराउनु हुँदैन र बालबालिकाहरु बीच पनि यस्तो कार्यहरु हुन नदिन ख्याल पुर्याउनु पर्छ ।

१०. बालबालिकाको सर्वोत्तम हितका निमित्त सधैं तत्पर हुनु पर्छ।

११. बालबालिकालाई राम्रो वा स्वभाविक छुवाइ र नराम्रो छुवाइको बारेमा जानकारी दिनु पर्दछ ।

१२. बाल गृहका कर्मचारी अथवा बाल गृहसँग सम्बद्ध अन्य कुनै पनि व्यक्तिले संरक्षित बालबालिका, उनीहरूका बाबुआमा र नातागोताबाट कुनै पनि किसिमको लाभ लिनु हुँदैन ।

१३. बाल गृहसँग सम्बन्धित व्यक्ति, दाता वा भ्रमणकर्ताबाट बालबालिकामाथि हिंसा एवम् दुर्व्यवहार भएको देखेमा वा सोको आशंका भएमा त्यस्तो कुरा थाहा पाउने बाल गृहको कर्मचारीले बाल संरक्षण केन्द्रविन्दु व्यक्ति वा आफूभन्दा माथिल्लो सुपरीवेक्षकलाई तुरून्त जानकारी दिनु पर्दछ । यसरी आएको सूचना तथा जानकारीको अभिलेख राख्नु पर्दछ ।

१४. कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका बाल गृहमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि अवलोकनकर्ता वा अन्य कुनै अनधिकृत व्यक्तिलाई दिनु हुँदैन र कुनै पनि माध्यमबाट सार्वजनिक गर्न, गराउन हुँदैन ।

१५. कर्मचारी, पदाधिकारी, सदस्य, भिजिटरले बाल गृहको आचारसंहितामा सही गरी सोको पालना गर्नु पर्दछ । यसरी सहीछाप गर्दा कर्मचारीको हकमा अर्को एकजना साक्षीको सामुन्नेमा सहीछाप गरी उक्त प्रति निजको व्यक्तिगत फाइलमा राख्ने र अन्यको हकमा अलग्गै फाइल खडा गरी राख्नु पर्दछ ।

१६. बाल गृहले भिजिटर लगबुक राख्नु पर्दछ र त्यसलाई नियमित अद्यावधिक गर्नु पर्दछ ।

**(ख) <u>बाल गृहमा रहेका बालबालिकाले पालना गर्नुपर्ने नियम तथा अभ्यासः-</u>**

१. बालबालिकाले बाल गृहमा व्यवस्था गरिएको खाना, आवास, शिक्षा, तालीम, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलाप, सरसफाइ, बिहान-बेलुकी तथा बिदाको समयमा अध्ययन गर्ने लगायतका नियम तथा अभ्यासको पालना गर्नु पर्दछ।

२. कुनै पनि साथीलाई जथाभावी गाली गर्ने, हेप्ने, जिस्काउने, कुटपिट गर्ने लगायतका हिंसा र यौन दुर्व्यवहार गर्ने जस्ता काम गर्नु गराउनु हुँदैन।

३. कसैको कुनै पनि सरसामान जानी जानी बिगार्ने, लुकाउने, चोर्ने, फाल्ने जस्ता काम गर्नु गराउनु हुँदैन।

४. आफू विरुद्धका र मन नपर्ने कुनै पनि गतिविधि वा व्यवहार बाल गृहभित्र वा बाहिरका कुनै पनि व्यक्तिले वा साथीहरुले आफूलाई गरेको वा गर्ने सम्भावना देखिएको अवस्थामा बाल गृह प्रमुख वा व्यवस्थापक वा सञ्चालक र कर्मचारीलाई भन्नु पर्दछ। प्रत्यक्ष भन्न सक्ने अवस्था नभएमा आफूलाई लागेका कुराहरु लेखी बाल गृहभित्र राखिएको उजूरी पेटिका वा बाकसमा राख्नु पर्दछ।

५. बाल गृहभित्र वा बाहिर तथा विद्यालयमा आफूलाई कुनै समस्या वा कुनै कारणले पीर परेको छ भने आफ्नो साथीलाई तथा बाल गृहका सञ्चालक तथा कर्मचारीलाई बेलैमा भन्नु पर्दछ। आफूलाई असर पार्ने तथा चिन्ता हुने कुनै पनि समस्या गोप्य राखिरहनु हुँदैन।
६. अरुको कुभलो चिताउने भन्दा पनि भलो वा सहयोग गर्ने भावना राख्नु पर्दछ।
७. बालबालिकाले बाल गृहमा सामाजिक सञ्जाल प्रयोग गर्दा नकारात्मक सामग्रीहरु हेर्ने तथा अरुलाई देखाउने गर्नु हुँदैन ।

## परिच्छेद -६
## विविध

१८. **वैयक्तिक विवरण फाराम लगायत विवरण सुरक्षित राख्नु पर्ने:** बाल गृहले वैयक्तिक विवरण फाराम, शैक्षिक प्रगति प्रतिवेदन विवरण, स्वास्थ्य उपचार सम्बन्धी प्रगति विवरण, सम्पत्ति विवरण र पहिचान लगायतका अभिलेख तथा सूचना विवरणहरु बाल गृहबाट बालबालिका बिदाइ भएको पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । यस्तो विवरणको एक/एकप्रति परिषद्, स्थानीय तह, बाल कल्याण अधिकारी, स्वयम् बालबालिका वा बालबालिकाको परिवार तथा नजिकको नातेदार वा संरक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. **व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार:** मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार परिषद् कार्यालयलाई हुनेछ।

२०. **अनुसूची संशोधन गर्न सक्ने:** यस मापदण्डमा रहेका अनुसूचीलाई संशोधन तथा थपघट गर्न आवश्यक भएमा परिषद् कार्यालयले संशोधन तथा थपघट गर्न सक्नेछ।

२१. **बचाउ:** आवासीय बाल गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची -१

(दफा ८ को उपदफा (५ र ११)सँग सम्बन्धित)

## <u>बालबालिकाको वैयक्तिक विवरण फाराम</u>

१. बालबालिकाको पूरा नाम, थरः

२. जन्म मितिः साल ..................... महिना ................... गते .......... वा थाहा नभएको ............

३. जन्म भएको ठाउः जिल्ला .............. गा.पा./न.पा. ................ वडा नं. ...... गाउँ/टोलः ..............
अस्पतालमा जन्मेको भएः अस्पतालको नाम ........................... ठेगाना ......................
वा थाहा नभएको ............

४. बालबालिकाको स्थायी ठेगानाः जिल्ला .............. गा.पा./न.पा.................वडा नं. ...... गाउँ/टोलः ...............
वा थाहा नभएको ............

५. धर्म ................. वा थाहा नभएको ............

६. बालबालिकाको स्वास्थ्य सम्बन्धी स्थितिः तौल ......... उचाइ ......... स्वास्थ्य अवस्थाः .................

७. बालबालिकाको शैक्षिक स्थितिः ................................... कुनै विद्यालयमा पढेको भएः
विद्यालयको नाम, ठेगानाः ................................ कक्षा .......................

८. बालबालिकाको बाबुआमा सम्बन्धी विवरणः
(क) बाबुको नामः .............. उमेरः ...... वर्ष, शारीरिक अवस्था ...................
(ख) आमाको नामः .............. उमेरः ....... वर्ष, शारीरिक अवस्था ...................
(ग) ठेगानाः जिल्लाः ........... गा.पा./न.पा. ................. वडा नं. ...... गाउँ/टोलः .................
(घ) बाबुको अवस्थाः जीवित/मृत/थाहा नभएको/वेपत्ता/दोस्रो विवाह ............... पेशाः ...........
(ङ) आमाको अवस्थाः जीवित/मृत/थाहा नभएको/वेपत्ता/दोस्रो विवाह .............. पेशाः ............
(च) बाबुआमा दुवैको मृत्यू भएकोः ........

९. पैतृक सम्पत्तिको विवरणः (क) चल सम्पत्ति .............. (ख) अचल सम्पत्ति ......... (ग) थाहा नभएको .......

१०. दाजुभाइ, दिदी, बहिनी लगायतका नातेदार सम्बन्धी विवरणः

| क्र.सं. | नाम थर | उमेर | नाता | ठेगाना | व्यवसाय |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

११. बालबालिकालाई बाल गृहमा भर्ना गर्नु पर्ने कारणहरु......................................................

१२. बालबालिकालाई भर्ना गर्न ल्याउने व्यक्ति वा संस्थाको विवरणः
नाम थरः............ठेगानाः जिल्ला. गापा/न.पा. ........... वडा नं. ......सम्पर्क नं..............................
भर्ना गर्न ल्याउने व्यक्तिको बालबालिकासँगको सम्बन्धः ...................
बालबालिकालाई भर्ना गरेको मितिः
बालबालिका भर्ना गर्ने कर्मचारीकोः

हस्ताक्षरः पूरा नामः पदः
सम्पर्क नं.

## अनुसूची -२

(दफा ८ को उपदफा (१२) र दफा ११ को उपदफा (९)सँग सम्बन्धित)

**प्रत्येक बालबालिकाको व्यक्तिगत योजना फाराम**

१. बालबालिकाको पूरा नाम, थरः

२. विशेष रुची र प्रतिभा/क्षमताः यी विषयहरुको विकासका लागि सहयोग तथा सहजीकरण गर्नु पर्ने कार्यहरुको योजना बालबालिकाको सहभागितामा निर्माण र कार्यान्वयन गर्ने।

| क्र.सं. | रुची र प्रतिभा/क्षमता | छ महिनाभित्र के के गर्ने | प्रगति समीक्षा | अर्को छ महिनाभित्र के के गर्ने | वार्षिक समीक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

३. अरुचीका विषयहरुः यी विषयहरुको सम्बोधन गर्न बालबालिकाको सहभागितामा योजना निर्माण र कार्यान्वयन गर्ने।

| क्र.सं. | अरुचीका विषयहरु | छ महिनाभित्र के के गर्ने | प्रगति समीक्षा | अर्को छ महिनाभित्र के के गर्ने | वार्षिक समीक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

४. कमजोरी पक्षहरुः यी पक्षहरुको सम्बोधन गर्न बालबालिकाको सहभागितामा योजना निर्माण र कार्यान्वयन गर्ने।

| क्र.सं. | कमजोरी पक्षहरु | ट महिनाभित्र के के गर्ने | प्रगति समीक्षा | अर्को छ महिनाभित्र के के गर्ने | वार्षिक समीक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

योजना बनाउने र कार्यान्वयन गर्ने व्यक्तिः

नामः

हस्ताक्षरः

मितिः

## अनुसूची -३

(दफा ८ को उपदफा (१३)सँग सम्बन्धित)

## बाल गृहमा रहने सबै बालबालिकाको विवरण फाराम

बाल गृहको नामः प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं. ... स्थानः

सम्पर्क व्यक्ति र नम्बरः ............................................................ ईमेलः ...................................

जम्मा बालबालिका संख्याः ..... जना बालकः ..... जना बालिकाः ...... जना १८ वर्ष उमेर पूरा भएकाः .....जना (पुरुष ..... जना र महिला..... जना)

बाबुआमा दुवै नभएकोः ..... जना बालकः ..... जना बालिकाः ...... जना आमा मात्र भएकोः .... जना बालकः ..... जना बालिकाः ...... जना

बुबा मात्र भएकोः .... जना बालकः ..... जना बालिकाः ...... जना बाबुआमा दुवै भएकोः ...... जना बालकः ..... जना बालिकाः ...... जना

कक्षा १० सम्म अध्ययनरतः .....जना बालकः .....जना बालिकाः .....जना कक्षा ११-१२ सम्म अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

स्नातक अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

सामुदायिक विद्यालय/कलेजमा अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

निजी विद्यालय/कलेजमा अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

विद्यालयमा नगएकाः ....... जना बालकः ..... जना बालिकाः ...... जना कारणः ..............

| क्र.सं. | बालबालिकाको नाम | उमेर (वर्ष) | लिङ्ग | बाबुको नाम | आमाको नाम | बाबुआमा दुवै नभएको | अभिभावकको अवस्था (टीक लगाउने) | | | | | | | | | | स्थायी ठेगाना (जिल्ला, गा.पा.,न.पा., वडा, टोल) | सिफारिस गर्ने निकाय | अध्ययनरत कक्षा | अपाङ्गताको किसिम | जन्मदर्ता गरे/नगरेको | परिवारको धर्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आमाको अवस्था | | | | | बाबुको अवस्था | | | | | | | | | | |
| | | | | | | | जीवित | मृत | दोस्रो विवाह | थाहा नभएको | अपाङ्गता | जीवित | मृत | दोस्रो विवाह | थाहा नभएको | अपाङ्गता | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | |

विवरण भर्ने व्यक्तिको नामः हस्ताक्षरः पदः मितिः

## अनुसूची -४

(दफा १४ को उपदफा (४)सँग सम्बन्धित)

**बालबालिकाको पारिवारिक लेखाजोखा तथा मूल्याङ्कन फाराम**

बालक/बालिकाको नामः उमेरः ..... वर्ष अध्ययनरत कक्षाः ..... शारीरिक/स्वास्थ्य अवस्थाः

स्थायी ठेगानाः हालको ठेगानाः

आमाको नामः सम्पर्क नं.: .................. मृत/बेपत्ताः ...............

बुबाको नामः सम्पर्क नं.: .................. मृत/बेपत्ताः ...............

पारिवारिक विवरणः हजुरबुवा/हजुरआमा/आमा/बुवा/काका/काकी/दिदी/दाइ/भाइ/बहिनी/अन्यः ...............................

आमा/बुवाको शैक्षिक स्थितिः (निरक्षर/साक्षर/एस.एल.सी/उच्च शिक्षा) ...............................

स्वास्थ्य र शारीरिक स्थितिः ...........................

आमा/बुवाको मुख्य व्यवसाय/पेशाः ......................... मासिक आम्दानीः

पैतृक सम्पत्ति विवरणः घर/जग्गाः ........................

बाबुआमा दुवै नभएमा अभिभावकको नामः ...................... नाताः ............ पेशाः ................

ठेगानाः प्रदेश ............... जिल्लाः ................ स्थानीय तह .............. वडाः ...... गाउँ/टोल ..............

मासिक आम्दानीः .............. सम्पर्क नं.:

स्वास्थ्य र शारीरिक अवस्थाः

बालबालिकाको संरक्षण र पठनपाठनमा के समस्या छ ? .............

बाल गृहमा भर्ना गर्न पठाउँदा शुल्क, यातायात खर्च, अन्य कुनै आर्थिक वा जिन्सी लेनदेन के कति गर्नु भयो?

बालबालिकाको संरक्षण जिम्मा लिन सक्नु/चाहनु हुन्छ ? ..........

यदि, सक्नु/चाहनु हुन्न भने - कारणहरुः ............................

के कस्ता सहयोग पाएमा बालबालिका सँगै राख्नुहुन्छ ? ..................... ..............

बालबालिका जिम्मा लिएर के के गर्नु हुन्छ ? ................... .......................

लेखाजोखा गर्ने व्यक्तिको नामः पदः हस्ताक्षरः सम्पर्क नं.:

बाल गृह/संस्थाको नामः

मितिः ................. साल............. महिना ......गते............ ।

**अनुसूची -५**

(दफा १४ को उपदफा (४)सँग सम्बन्धित)

## बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको फाराम

**<u>भर्पाई</u>**

लिखितम् ............ को नाति/नातिनी .............. को छोरा/छोरी म................ ले प्रदेश .............. जिल्ला........ गा.पा./न.पा. ...................... वडा नं. ...... गाउँ/टोलः ............. बस्ने म ......................... को सहोदर ................. नाता पर्ने ........................ को नाति/नातिनी ...................... को छोरा/छोरी जिल्ला ...... गा.पा./न.पा. ...............वडा नं. .... गाउँ/टोल ...................... ठेगाना भएको मिति................. देखि ................ सम्म ......................... बाल गृहमा बस्दै आएका वर्ष ....... को ...................... लाई आजका मिति ................... मा मैले तपसिलका साक्षीहरुको रोहवरमा बुझि लिएको ठीक साँचो हो। पछि मैले निजलाई बुझी लिएको छैन भनी कुनै किसिमको उजूरी गर्ने छैन। गरेमा यसै कागजद्वारा बदर गरी कानून बमोजिम होस् भनी मेरो राजीखुसीका साथ यो भर्पाई लेखी सहीछाप गरी यस ............................................. बालगृहलाई दिएँ/लिएँ।

निज बालक/बालिकालाई पारिवारिक पुनर्मिलन पश्चात् अन्य कुनै बाल गृहमा पठाउने छैन, श्रममा प्रयोग गर्ने/गराउने छैन र बालमैत्री वातावरणमा नियमित पठनपाठन तथा आवश्यक संरक्षणको व्यवस्था गर्ने/गराउनेछु। अन्यथा कानून बमोजिम सहूँला/बुझौंला भनी सही छाप गरिदिएँ ।

| **<u>बुझाउने</u>** | **<u>बुझिलिने</u>** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम थरः | नाम थरः |
| पदः | |
| बाल गृह/संस्थाः | ठेगाना |
| सम्पर्क नं. | सम्पर्क नं. |
| बाल गृह/ संस्थाको छाप | औंठाको सहीछापः <u>दायाँ</u> <u>बायाँ</u> |

**<u>स्थानीय तहको रोहबरः</u>**

हस्ताक्षरः नाम थरः पदः

कार्यालयः सम्पर्क नं.

**अभिलेखकर्ताको:**

नामः ............................ हस्ताक्षर ................................ मितिः ...................

इति सम्बत् २० ...... साल .......... महिना ...... गते रोज ................. शुभम्।